**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- पश्चिम बंगाल विधानसभा चुनाव अघि निर्वाचन आयोगले तीन वर्षभन्दा बढी समयदेखि एउटै पद वा जिल्लामा तैनाथ प्रशासनिक र पुलिस अधिकारीहरूको स्थानान्तरणको निर्देश दिएको छ।

- दार्जीलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीसँग दिल्लीमा भेटवार्ता गर्नु भएको छ।

- भाजपाका वरिष्ठ नेता तथा पश्चिम बंगालका पर्यवेक्षक भूपेन्द्र यादवले पश्चिम बंगाल सरकारलाई विशेष गहन पुनरीक्षण - एसआईआर प्रक्रियामा रहेका सबै बाधाहरू हटाउन माग गर्नु भएको छ।

- रेलमन्त्री अश्विनी वैष्णवले केन्द्रीय बजेट २०२६-२७ मा पश्चिम बंगालको लागि रेकर्ड १४ हजार २ सय ५ करोड रुपियाँ विनियोजन गरेको बताउनु भयो।

- दार्जीलिङ जिल्लाका 3 हजार 3 सय 43 परीक्षार्थीहरूले भोलीदेखि शुरू हुने बाह्रौ श्रेणीको उच्चतर माध्यमिक परीक्षा लेख्ने छन्।

**निर्वाचन आयोग अधिकारी स्थानान्तरण**

पश्चिम बंगाल विधानसभा चुनाव अघि, निर्वाचन आयोगले तीन वर्षभन्दा बढी समयदेखि एउटै पद वा जिल्लामा तैनाथ प्रशासनिक र पुलिस अधिकारीहरूको स्थानान्तरणको निर्देश दिएको छ, यसको जानकारी एक वरिष्ठ अधिकारीले दिएका हुन।निर्देशन अनुसार, यो आदेश जिल्ला जिलाधिकारी, अतिरिक्त जिल्ला जिलाधिकारी, ब्लक विकास अधिकारी, उप-विभागीय जिलाधिकारी र अन्य जिल्ला स्तरीय प्रशासनिक अधिकारीहरूमा लागू हुनेछ।यसका साथै पुलिस महानिरीक्षक (आईजी), उप-महानिरीक्षक (डीआईजी), पुलिस अधीक्षक (एसपी) र अतिरिक्त पुलिस अधीक्षकलाई पनि स्थानांतरित गरिनेछ।निर्वाचन आयोगका अधिकारीले स्वतन्त्र र निष्पक्ष चुनाव सुनिश्चित गराउन यो निर्णय गरिएको बताए। कुनै विशेष जिल्ला वा पदमा तीन वर्षभन्दा बढी समय काम गरेका अधिकारीहरूलाई स्थानांतरित गर्नु अनिवार्य हुनेछ।

**सांसद विष्ट- प्रधानमन्त्री**

दार्जीलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीसँग दिल्लीमा भेटवार्ता गर्नु भएको छ। यस क्रममा सांसद विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पहाड़, तराई, डुवर्स क्षेत्रलाई विकासका लागि उच्च प्राथमिकतामा राख्नु भएकोमा अनि बनारसदेखि सिलगढीसम्म उच्च गतिको बुलेट ट्रेन सञ्चालनको हालै गरिएको घोषणाका लागि आभार प्रकट गर्नु भयो। सांसद विष्टले आफ्नो निर्वाचन क्षेत्र दार्जीलिङका जनताको तर्फबाट प्रधानमन्त्रीलाई दार्जीलिङ क्षेत्र भ्रमण गर्न सविनय निमन्त्रणा राख्नु भएको जानकारी गराउनु भएको छ। श्री विष्टले अझ भन्नु भयो, स्वतन्त्रतापछि दशकौसम्म राष्ट्रिय सुरक्षाको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण हुँदा हुँदै पनि हाम्रो क्षेत्र आधारभुत पुर्वधारको अभावमा पछाडि परेको छ। तर अब प्रधानमन्त्रीको दुर दृष्टिका कारणले हाम्रो ठाँउले पनि विस्तारै काँचुली फेरिरहेको छ। सांसद विष्टले प्रधानमन्त्रीलाई यस क्षेत्रको जनताको समस्याहरू ध्यानपूर्वक सुनिदिनु भएको अनि भेट वार्ता गर्ने समय दिनु भएकोमा प्रधानमन्त्रीलाई आभार प्रकट गर्नु भयो।

**भूपेंद्र यादव - पश्चिम बंगाल एसआईआर**

भाजपाका वरिष्ठ नेता तथा पश्चिम बंगालका पर्यवेक्षक भूपेन्द्र यादवले पश्चिम बंगाल सरकारलाई विशेष गहन पुनरीक्षण - एसआईआर प्रक्रियामा रहेका सबै बाधाहरू हटाउन माग गर्नु भएको छ।कोलकातामा संवाददाता सम्मेलनमा उहाँले सर्वोच्च न्यायालयको निर्देश उद्धृत गर्दै एसआईआर प्रक्रियामा कुनै पनि हस्तक्षेप सहने छैन भन्नुभयो।भूपेन्द्र यादवले राज्यको अर्थव्यवस्था र प्रशासनिक व्यवस्था माथि तिखो हमला गर्दै भन्नुभयो ममता बनर्जी एक मात्र मुख्यमन्त्री हुन् जसले हाल आफ्नै कर्मचारीहरू विरुद्ध कानुनी लडाईं लडिरहेकी छिन्।उहाँले भन्नुभयो देशको बाँकी भागमा सातौं वेतन आयोग लागू भइसकेको छ, तर पश्चिम बंगालमा लगभग 20लाख कर्मचारीहरू अझै पनि छैटौं वेतन आयोगको लाभको लागि संघर्ष गरिरहेका छन्।उहाँले कर्मचारीहरूको मृत्युको सम्बन्धमा मुख्यमन्त्रीको दाबीलाई चुनौती दिँदै भन्नुभयो यी मृत्युहरू महंगाई भत्ता न पाएको कारणले भएको हो, SIR प्रक्रियाको कारणले होइन।मुख्यमन्त्रीको प्राथमिकताको आलोचना गर्दै भूपेन्द्र यादवले मुख्यमन्त्रीले एसआईआर प्रक्रियाको विरोध गर्न एक हजार पांच सय किलोमिटर यात्रा गरेर दिल्ली पुगेको भन्दै 15 किलोमिटर टाढा आनन्दपुरमा भएको भीषण अग्नीकाण्डको भ्रमण नगरेको भन्नुभयो।उहाँले पश्चिम बंगालका विपक्षी नेताले प्रभावित क्षेत्रको भ्रमण गर्न अदालतको ढोका ढकढक्याउनु परेको पनि बताउनुभयो।भूपेन्द्र यादवले एक लोकतान्त्रिक नेताको रूपमा ममता बनर्जीलाई सर्वोच्च न्यायालयको आदेश पालना गर्न र SIR प्रक्रियाको सहज र निर्बाध समापन सुनिश्चित गर्न आग्रह गर्नुभयो।

**भूपेन्द्र यादव बंगाल**

केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले पश्चिम बंगालमा वस्त्र उद्योगको अपार सम्भावना रहेको तर राज्य सरकारसित यसलाई विकसित गर्नका लागि स्पष्ट रोडम्याप नभएको बताउनुभयो। उहाँले केंद्रीय बजटलाई "विकसित भारत" को दिशामा निर्णायक कदम बताउनु भयो। आज कोलकता स्थित साल्टलेकमा आयोजित संवाददाता सम्मेलनमा ममता सरकार माथि तीखो प्रहार गर्दै तुष्टिकरण र बदहाल शासन व्यवस्थाको आरोप लगाउनु भयो। भूपेन्द्र यादवले दीनदयाल उपाध्यायलाई श्रद्धाञ्जली अर्पण गर्दै आफ्नो सम्बोधन सुरु गर्नुभयो। उहाँले भन्नुभयो भारतको अर्थव्यवस्था तीव्र गतिमा बढिरहेको छ। भारतले जापानलाई उछिनेर विश्वको चौथो ठूलो अर्थव्यवस्था बनेको छ र देशको जीडीपी लगभग 4.18 देखि 4.19 ट्रिलियन डलर पुगेको छ।

उहाँले भन्नुभयो सडक, विमानस्थल, बन्दरगाह, मालवाहक करिडोर र टियर-2 र टियर-3 शहरहरूको एकीकरणमा विशेष ध्यान दिइएको छ।सिलिगुडी-वाराणसी करिडोर र दुर्गापुर क्षेत्रमा विकासले लॉजिस्टिक्स क्षेत्रलाई बलियो बनाउनेछ। श्री यादवले जुट उद्योगमा विशेष जोड दिँदै भन्नुभयो देशको 80 प्रतिशत जुट उत्पादन पश्चिम बंगालमा हुँदछ र दुई लाख पचास हजार मानिसहरूलाई रोजगारी प्रदान गर्दछ।महिला सशक्तिकरणको सन्दर्भमा, उहाँले भन्नुभयो पछिल्लो एक दशकमा देशभरि दुई करोड "लखपति दिदी" बनाईएको छ।केन्द्रीय मन्त्रीले ग्रामीण विकास मन्त्रालयले पश्चिम बंगाललाई 1.10 लाख करोड़ रुपियाँ उपलब्ध गराएको दाबी गरेनुभयो, तर राज्य सरकार माथि धनको दुरुपयोग गरेको आरोप लागेको छ।उहाँले मनरेगा, प्रधानमन्त्री आवास योजना र प्रधानमन्त्री पोशन योजनाको क्रियान्वयनमा अनियमितता भएको आरोप लगाउनुभयो।

**ईसीआई - जागरूकता अभियान**

निर्वाचन आयोगले चुनाव हुने राज्य र केन्द्र शासित प्रदेशहरूमा इलेक्ट्रोनिक वोटिंग मशीन-ईवीएम - ईभीएम र वीवीपैट बारे मतदाताहरूका लागि व्यापक जागरूकता अभियान चलाईरहेको छ।आयोगले भनेको छ मतदाताहरूलाई ईभीएमको कार्यप्रणाली बारे परिचित गराउन यो अभियान असम, केरल, पुडुचेरी, तमिलनाडु र पश्चिम बंगाल जस्ता राज्यहरूमा चलाइएको छ।

**वैष्णव -रेलवे**

रेलमन्त्री अश्विनी वैष्णवले केन्द्रीय बजेट २०२६-२७ मा पश्चिम बंगालको लागि रेकर्ड १४ हजार २ सय ५ करोड रुपियाँ विनियोजन गरेको बताउनु भयो। उहाँले २००९ देखि २०१४ सम्मको युपीए सरकारको कार्यकालमा राज्यको रेल बजेट ४ हजार ३ सय करोड रुपियाँ मात्र रहेको उल्लेख गर्नु भयो। लोकसभामा प्रश्नोत्तरको समयमा पूरक प्रश्नहरूको जवाफ दिनु हुँदै, श्री वैष्णवले

पश्चिम बंगालमा रेल परियोजनाहरूको लागि ४ हजार ६ सय ६२ हेक्टर जग्गा आवश्यक पर्ने बताउनु भयो, जसमध्ये अहिलेसम्म २७ प्रतिशत मात्र अधिग्रहण गरिएको छ। उहाँले राज्यमा धेरै रेल परियोजनाहरू रहेको जहाँ जग्गा अधिग्रहण प्रक्रिया अझै सुरु भएको नभएको बताउनु भएको छ।

**<u>पश्चिम बंगाल-विशेष पुनरीक्षण</u>**

सर्वोच्च न्यायालयको आदेशपछि, निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) सम्बन्धी मतदाता सूचीको अन्तिम प्रकाशनको तिथि 28 फरवरी सम्म बढाएको छ।यसअघि, पश्चिम बंगालमा मतदाता सूचीको अन्तिम प्रकाशनको लागि 14 फरवरीको तिथि निर्धारित गरिएको थियो।

**<u>भाजपा-पश्चिम बंगाल-एसआईआर</u>**

भारतीय जनता पार्टीले पश्चिम बंगाल सरकारले राज्यमा जारी विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियाको सम्बन्धमा माइक्रो आब्जर्वरको नियुक्तिलाई लिएर अदालतको अवहेलना गरेको आरोप लगाएको छ।
राज्यमा विपक्षका नेता शुभेन्दु अधिकारीले हिजो तमलुकमा संवाददाताहरुसितको कुराकानीमा, मुख्यमन्त्री ममता बनर्जीले केन्द्र सरकारका कर्मचारीहरूलाई माइक्रो आब्जर्वरको पदबाट हटाउने प्रयास गरेको भन्नुभयो। उहाँले थप भन्नुभयो सर्वोच्च न्यायालयले राज्यका ग्रुप बी अधिकारीहरूलाई उनीहरूको निरीक्षणमा काम गर्न निर्देश दिएको छ।श्री अधिकारीले पश्चिम बंगाल द्वारा अदालतमा प्रस्तुत ग्रुप बी के **8 हजार 505** अधिकारीहरूको सूची गलत भएको आरोप लगाउँदै ग्रुप सी र पञ्चायत कार्यकर्ताहरूको नाम पनि त्यसमा सामेल गरिएको बताउनुभयो।

**<u>माटीगाड़ा विद्यार्थी हत्या</u>**

माटीगाड़ा थाना क्षेत्रमा त्रिकोणिय प्रेम प्रसंगलाई लिएर 15 वर्षीय विद्यार्थी शुभोजित मोदकको हत्या मामिलामा पुलिसले ठूलो सफलता हासिल गरेको छ। मुख्य अभियुक्त 24 वर्षीय काजल पासवान उर्फ राजलाई पक्राउ गरिएको छ। गुप्त सूचनाको आधारमा हिजो राति एनजेपी क्षेत्रमा आरोपीलाई पक्राउ गरिएको हो।उल्लेखनीय छ, माटीगाड़ाको शिमुलतला क्षेत्रका कक्षा 10 मा पढ्ने शुभोजित मोदक गत शनिबारदेखि बेपत्ता थिए। तीन दिनपछि, सोमबार अवेर राति उनको शव सुकनाको जंगलबाट फेला परेको थियो।फ परिवार र स्थानीय मानिसहरुलेले त्रिकोणीय प्रेमको परिणामस्वरूप हत्या भएको आरोप लगाएका छन्। हाल जाँच जारी छ।

**<u>कलकत्ता उच्च अदालत पोक्सो</u>**

कलकत्ता उच्च अदालतले पॉक्सो (यौन अपराधबाट बालबालिकाको संरक्षण) मुद्दामा साक्षीहरूको पुन: परीक्षणलाई अनुमति दिंदै भनेको छ कि यौन अपराधसित सम्बन्धित मुद्दाहरूमा पीडित वा कमजोर साक्षीहरूलाई अदालतमा बारम्बार बोलाउनबाट बच्नुपर्छ, तर प्रत्येक मुद्दाको आफ्नै तथ्यहरूमा निर्णय गरिनुपर्छ।न्यायाधीश अपूर्व सिन्हा रायले सात प्रमुख साक्षीहरूको पुन: परीक्षणको लागि अभियुक्तको याचिका खारेज गर्ने ट्रायल कोर्टको आदेशलाई खारेज गरिदिनुभयो।यद्यपि, उहाँले विशेष पोक्सो अदालतको अवलोकनसित सहमति जताउनुभयो कि नाबालिग पीडित र कमजोर साक्षीहरूलाई तुच्छ आधारमा बारम्बार बोलाउनु हुँदैन।

**<u>उच्चतर माध्यमिक परीक्षा</u>**

दार्जीलिङ जिल्लाका 3 हजार 3 सय 43 परीक्षार्थीहरूले भोलीदेखि शुरू हुने बाह्रौ श्रेणीको उच्चतर माध्यमिक परीक्षा लेख्ने छन्। यस सम्बन्धमा आज जिल्ला परामर्ष कमिटीका सह संयोजक डा.मिलन तामाङले पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै यस वर्ष उच्चतर माध्यमिक परीक्षाको चौथो सेमिस्टारका लागि दार्जीलिङ जिल्लामा नौवटा प्रमुख परीक्षा केन्द्रहरू स्थापित गरिएको बताउनु भएको छ। जसमा दार्जीलिङ, खरसाङ, घुम, मिरिक, तकदाह,सोनादा,पुलबजार बिजनबारी, सुके पोखरी अनि सुकना रहेक छ। यी नौ वटा मुख्य परीक्षा केन्द्र अधिनस्थ 22 वटा उप परीक्षा केन्द्र रहेको छ। डा. तामाङले 3 हजार 3 सय 43

परीक्षार्थीहरूमध्ये 1 हजार 4 सय 91 छात्र अनि 1 हजार 8 सय 52 छात्राहरू रहेको बताउनु भएको छ भने यसपटक छात्रहरूको तुलनामा छात्राहरूको संख्या अधिक रहेको पनि जानकारी गराउनु भएको छ। यसका साथै उहाँले विद्यार्थीहरूको सुविधालाई मध्यनजर गर्दै दुर्गम क्षेत्रहरूमा पनि परीक्षा केन्द्र राखिएको छ। परीक्षा सञ्चालनका लागि जिल्ला प्रशासन, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन शिक्षा विभाग, पुलिस प्रशासन,आरटीओ, लगायत अन्य विभागले सम्पूर्ण रूपमा सहयोग गर्न लागि परेको बताउनु भएको छ।

BYTE

**प्राणी सम्पदा विभाग- पुलबजार**

प्राणी सम्पदा विभाग, दार्जीलिङ-पुलबजार विकास खण्ड अनि रेलिङ ग्राम पञ्चायतको पहलमा आज ग्राम पञ्चायत परिसरमा सुंगुरको पाठा वितरण गरियो। विशेष प्राणी सम्पदा विभाग अनि कृषि विभागले रेलिङ ग्राम पञ्चायत क्षेत्रलाई सरकारी सहुलियत सुचारु रूपमा पुऱ्याइ दिएकोमा लाभार्थीहरूले आभार प्रकट गरेका छन्। उक्त वितरण कार्यक्रममा पञ्चायत प्रधान सारिका राई, उपप्रधान नरदेव राई अनि विभागको तर्फबाट बीएलडीओ उत्तममणि प्रधान अनि एलडीओ विष्णु कुमार शर्माको उपस्थिति रहेको थियो।

**कंग्रेस- दार्जीलिङ**

इण्डियन नेशनल कंग्रेस दार्जीलिङ जिल्ला समितिले आगामी पश्चिम बंगाल विधानसभा चुनावमा पहाडका तीन आशान दार्जिलिङ, कालेबुङ र खरसाङमा कुनै स्थानीय दलसँग गठबन्धन नगरी पार्टीकै तर्फबाट उम्मेदवार खडा गर्ने स्पष्ट पारेको छ। उनीहरूले विगतमा पहाडका लागि महत्वपूर्ण निर्णयहरू कांग्रेस नेतृत्वकै सरकारबाट आएको दाबी गर्दै दार्जिलिङ गोर्खा हिल काउन्सिल (DGHC), गोर्खाल्यान्ड टेरिटोरियल एड्मिनिस्ट्रेशन (GTA) को स्थापना तथा नेपाली भाषालाई संविधानमा मान्यता दिलाउने कार्य लगायत अन्य धेरै कार्यहरू कांग्रेसकै पहलमा सम्भव भएको बताएका छन्। इन्डियन नेशनल कंग्रेस दार्जीलिङ्ग जिल्लाका कार्यकारी अध्यक्ष सरोज खातीले यस पटकको चुनावी घोषणापत्रमा दार्जिलिङ पहाडका साना तथा ठूला सबै मुद्दाहरूलाई समेटिने बताउनु हुँदै भारतीय गोर्खा समुदायप्रति सकारात्मक विश्वास र प्रतिबद्धता जनाइने पनि बताउनु भयो। उहाँले चाँडै पहाडको तीनवटा आशनका उम्मेदवारहरूको नाम घोषणा गरिने र राज्य समितिसँगको परामर्शपछि चुनावी अभियान सुरु गरिने पनि बताउनु भएको छ।

**दार्जीलिङ -ठगी पक्राउ**

विदेशमा कामको प्रलोभन देखाएर करोड़ौ रूपियाँ ठगी गरेको मामिलामा पक्राउ परेका एक कनसल्टेनसी संचालक अनिल लामालाई दार्जीलिङ जिल्ला अदालतले न्यायिक हिरासतमा पठाएको एपीपी पंकज प्रसादले जानकारी गराउनु भएको छ। उहाँले आरोपी विरूद्ध लगभग 40 पीडितहरूलाई विभिन्न देशहरूमा काम लगाइदिने प्रलोभनमा करोड़ौ रूपियाँ ठगी गरेको आरोप रहेको बताउनु भएको छ। श्री प्रसाद अनुसार, आरोपी लामा विरूद्ध 2024 मा सुनिल तामाङले नरवे जानका लागि 1 लाख 60 हजार रूपियाँ, पासपोर्ट लगायत अन्य कागजपत्र लगेको विरूद्ध प्राथमिकी दर्ता गरिएको थियो भने तिनी फरार रहेको थियो। तथापि केही दिन अघि तिनलाई पीडीतहरूले सिलगढीमा देखेपछि प्रधान नगर थानामा खबर गरेपछि प्रधान नगर थाना पुलिसले अनिल लामालाई सिलगढीमा पक्राउ गरेको थियो।

**कुच्चो कृषकहरू निराश**

विगत केही वर्षयतादेखि कूच्चोको उचित मूल्य नपाएकोले कूच्चो उत्पादन गर्ने कृषकहरू निराश बनेका छन् भने आय आर्जनको एउटा स्रोत घटेर गएको उनीहरूको दुखेसो छ। कूच्चोको मूल्य राम्रो भएको बेलामा एक पछि अर्को व्यापारीहरु घर -घरमा घुम्ने गर्थ्यो भने अहिले कुनै व्यापारीले पनि सोधखोज नगरेको एकजना कृषकको भनाइ छ। यसैबीच अहिले गाउँ घरमा काँचो कूच्चोको मूल्य 10 रूपियाँ अनि सुक्खा कूच्चोको मूल्य 20 देखि 25 रूपियाँ प्रति किलो रहेको एक व्यापारीले बताएका छन्। मूल्य राम्रो नभएको कारणले कति कृषकहरूको बारीमा कूच्चोहरू त्यसै छिप्पिएर खेरो गईरहेको देखिएको छ। विशेष गरी

घर बढार्न प्रयोगमा ल्याइने कूच्चो आधुनिकतासँगै घर निर्माणको प्रविधिमा पनि परिवर्तन आएपछि अनि कूच्चोको स्थानमा अन्य विभिन्न प्रकारका प्लास्टिका झाडु,पोचा,ब्रश,मब आदिले लिन थालेपछि कूच्चोको माग घटेको मानिसहरूको भनाइ छ।

**मौसम**

मौसम विभाग अनुसार आगामी दुईदेखि तीन दिनसम्म उत्तर र दक्षिण बंगालका अधिकांश भागहरूमा रातको तापमान बढ्ने सम्भावना छ। विभाग अनुसार हाल कुनै ठूलो मौसम परिवर्तन वा वर्षाको संभावना छैन, जसका कारण राज्यभरि सुख्खा र सफा मौसम रहनेछ।

****** ० ******